# शारदा राजपत्र

शारदा नगरपालिका द्वारा प्रकाशित

**खण्ड ८ संख्या ३७ मिति २०८१।०४।२८**


# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिए बमजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरीएको छ।**

# विपद् राहत वितरण सम्बन्धी मापदण्ड, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः२०८१।०४।२३
प्रमाणीकरण मितिः२०८१।०४।२६

प्रस्तावनाः प्राकृतिक र गैर प्राकृतिक प्रकोपबाट सिर्जित विपदबाट प्रभावित शारदा नगरपालिकाको क्षेत्रभित्र बसोबास गर्ने नगरबासिहरु तथा उनिहरुका परिवारलाई वितरण गरिने राहतमा एकरुपता  कायम गर्नका साथै राहत वितरण एवं सहयोग कार्यलाई पारदर्शी, सरल एवं विश्वसनीय बनाउने उद्दश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(न)  तथा शारदा नगरपालिकाको  विपद् व्यवस्थापन ऐन २०८० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शादा नगरपालिकाको नगर कार्यपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस मापदणडको नाम विपद् राहत वितरण सम्बन्धि मापदण्ड २०८० रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

### २. परिभाषा र व्याख्याः

(क) “विपद्” भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(ख) “गैरप्राकृतिक विपद्” भन्नाले रोगव्याधिको महामारी, अनिकाल, डढेलो तथा आगलागी, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, विषाक्त ग्याँस, बालिनालिमा जंगली जनावर तथा किरा आतंक, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(ग) “प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(घ) “राहत भन्नाले” शारदा नगरपालिकाले प्रदान  गर्ने नगद वा जिन्सी लगायतका सेवा सुविधा वा बस्तुगत सहायतालाई सम्झनुपर्छ।

(ङ) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(च) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप
सम्झनु पर्छ ।

(छ) “विपद् प्रतिकार्य” भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(ज) “विपद् कोष” भन्नाले विपद् व्यवस्थापन कोषलाई सम्झनुपर्छ।

(झ) “समिति” भन्नाले नगर विपद् व्यवस्थापन समिति सम्झनुपर्छ।

## परिच्छेद २

## कोषको व्यवस्था

### ३. यस मापदण्ड बमोजिम विपद् पिडितलाई राहत प्रदान गर्नुपर्नेः

(क) शारदा नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०८० को दफा १२ बमोजिम यस नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी विपद् व्यवस्थापन कोष रहनेछ।

(ख) यस कोषमा नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०८० को दफा १२ उपदफा २ बमोजिमको रकम रहने छ।

(ग) विपद् पिडितलाई राहत प्रदान गर्दा यस मापदण्ड बमोजिम गर्नुपर्नेछ।

(घ) विपद् पिडितलाई उपलब्ध गराईने राहत सहयोग विपद् व्यवस्थापन कोषबाट व्यहोरिने छ।

## परिच्छेद ३

## विपद् व्यवस्थापनका लागि राहत वितरण

### ४. राहत वितरणः

(१) शारदा नगरपालिका भित्र

(२) विपदबाट क्षति भएका देहाय बमोजिमको क्षतिको लागि वातावरण तथा विपद् व्यवस्थापन समिति/पूर्वाधार विकास शाखा मार्फत भएका स्थलगत अनुगमन मुल्याङ्कन प्रतिवेदन, प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिसको आधारमा राहत वितरण समितिको निर्णय बमोजिम तपसिल अनुसारको राहत सहयोग उपलब्ध गराईनेछ।

(क) शारदा नगरपालिका क्षेत्रभित्रको कुनै स्थायी बासिन्दा विपद्को घटनामा परी मृत्यु भएको रहेछ भने नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले मृतको परिवारलाई राहत स्वरुप प्रति मृतक रु.१५०००-। (पन्ध्र हजार रुपैया) उपलब्ध गराउनेछ।

(ख) विपदमा परी कुनै व्यक्तिको खोजि कार्य गर्दा पनी खोजि कार्य गर्दा/गरेको नब्बे दिनसम्म फेला नपरेमा प्रहरी प्रतिवेदन तथा वडा कार्यालयको सिफारिसको आधारमा नीजको एकाघरको नजिकको हकवालालाई रु.१५०००-। (पन्ध्र हजार रुपैया) उपलब्ध गराउने छ।

(ग) कुनै पनि विपदको घटनामा परी कुनै व्यक्तिको घर, खाद्यान्न, लत्ता कपडा समेत पूर्ण रुपमा क्षति भएमा त्यस्तो परिवारलाई तत्काल राहत लागि नगद रु. ७०००-।(सात हजार रुपैया) वा सो बराबरको खाद्य तथा गैर खाद्य सामग्री उपलब्ध गराईनेछ। साथै पूर्ण रुपमा क्षतिभएको सन्दर्भमा थप राहतको हकमा राहत वितरण समितिको निर्णायानुसार हुनेछ।

(घ) विपदबाट घर बहालमा बसेको भएमा वा पसल व्यवसाय समेत नोक्सानी भई तत्कालिन गुजाराका लागि खाद्यान्न समेत नभएको अवस्थाका परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि प्रति परिवार नगद रु १००००-।(दश हजार) सम्म वा सो बराबरको जिन्सी (खाद्य वा गैर खाद्य) सामग्री राहत उपलब्ध गराईने छ।

(ङ) विपदबाट घाईते गरिव, असहाय वा आर्थिक रुपमा कमजोर भएका कुनै व्यक्तिलाई अस्पतालमा भर्ना गराई उपचार गराउनु परेमा एकपटकको लागी बढीमा रु. ३०००-।(तीन हजार) सम्म खर्च उपलब्ध गराईने छ।

(च) विपदबाट बसोबास गर्दै आएको घर पूर्ण रुपमा क्षती भई घरपरिवारका सदस्यहरु अन्यत्र आश्रय लिने अवस्था भएमा घरको प्रकृति हेरी बढिमा रु. १५०००-।(पन्ध्र हजार) नगत वा जिन्सी राहत सहायता उपलब्ध गराईने।

(छ) माथिका बुदाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि बर्षा , हावाहुरी, चट्याङ् र आगलागिबाट घरको छाना क्षति भई पूर्ण रुपमा मर्मत गर्नु पर्ने भएमा वडाको सिफारिस तथा प्रहरी मुचुल्का अनुसार बढिमा रु. १५०००-।(पन्ध्र हजार) नगद राहत उपलब्ध गराईने छ।

(३) राहत वितरण गर्दा पिडित मध्ये अशक्त तथा अपाङ्गता, असहाय, जेष्ठ नागरिक, महिला, बालबालिका, विपन्न, दिर्घ रोगि भएका व्यक्तिहरुलाई प्राथमिकतामा राख्नुपर्नेछ।

(४) यसरी राहत रकम उपलब्ध गराउदा विपद प्रभावित वा निजको नजिकको निवेदक, वडाको सिफारिस, प्रहरीको मुचुल्काका साथै नागरिकताको प्रतिलिपिको आधारमा उपलब्ध गराईने छ।

(५) यस मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भई निवेदन दर्ता भए पश्चात तत्काल अनुगमनको व्यवस्था मिलाई राहत सहयोग उपलब्ध गराईनेछ।

(६) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा भूकम्प, बाढि, पहिरो, डुवान, आगलागि, चट्याङ्, महामारी, भारी बर्षा, हुरि बतास, असिना, खडेरी, जंगलि जनावर आतंक लगायतका विपद्का कारणबाट भएका प्रभावितलाई मात्र राहत उपलब्ध गराईनेछ।

(७) घर विमा कार्यक्रममा समावेश भएका नगरपालिका क्षेत्र भित्रका कुनै पनि घरहरु जुनसुकै कारणबाट क्षति भएमा सम्बन्धीत विमालाई विमा रकम भुक्ताणीको लागि आवश्यक सहजिकरण र समन्वय गरिने।

### ५. राहत वितरणको समय सिमाः

(१) विपदको घटना भएको तीस दिनभित्र नगर विपद् व्यवस्थापन समिति समक्ष घटना संग सम्बन्धीत सम्पूर्ण कागजात पेश गरिसक्नु पर्ने छ।

(२) यो मापदण्ड बमोजिम राहत उपलब्ध गराउदा उपदफा १ बमोजिम कागजातहरु पेश भएको तीस दिन वा घटनाको सूचना प्राप्त भएको चालीस दिनभित्र राहत सहयोग उपलब्ध गराउनेछ।

## परिच्छेद ३

## राहत वितरण समितिको गठनः

### ६. राहतका वितरण समितिको गठनः

(१) शारदा नगरपालिकाको क्षेत्रभित्र विपद्को घटनाबाट प्रभावित व्यक्ति, परिवार तथा तिनिहरुका सदस्यलाई राहत वितरण गर्नको लागि देहाय बमोजिमको राहत वितरण समिति रहनेछ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप-प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) बाताबरण तथा विपद् व्यवस्थापन समिति संयोजक -सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(च) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(छ) बाताबरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख -सदस्य सचिव

(२) राहत वितरण गर्दा पिडित मध्ये अशक्त तथा अपाङ्गता, असहाय, जेष्ठ नागरिक, महिला, बालबालिका, विपन्न, दिर्घ रोगि भएका व्यक्तिहरुलाई प्राथमिकतामा राख्नुपर्नेछ।

(३) यस मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भई निवेदन दर्ता भए पश्चात तत्काल अनुगमनको व्यवस्था मिलाई राहत सहयोग उपलब्ध गराईनेछ।

(४) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा भूकम्प, बाढि, पहिरो, डुवान, आगलागि, चट्याङ्, महामारी, भारी बर्षा, हुरि बतास, असिना, खडेरी, जंगलि जनावर आतंक लगायतका विपद्का कारणबाट भएका प्रभावितलाई मात्र राहत उपलब्ध गराईनेछ।

**७. राहतका लागि पेश गर्नुपर्ने कागजातहरुः**

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) अनुसचि १ बमोजिमको निवेदन,

(ग) मृतको हकमा नजिकको हकवालको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(घ) वडा प्रतिनिधिको रोहवरमा भएको प्रहरी मुचुल्का,

(ङ) वडा कार्यालयको सिफारिस पत्र,

(च) घटनासंग सम्बन्धित तस्विर,

(छ) विपद् व्यवस्थापन समिति र राहत वितरण समितिको निर्णयको प्रतिलिपि।

**८. दिर्घकालिन राहत तथा व्यवस्थापनः**

(क) प्रकोपका कारण बसोबास गरीरहेको स्थानमा बसोबास गराउन थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पिडित परीवारलाई सुरक्षित स्थानमा राखी बसोबास गराउनु पर्ने अवस्था भएमा बसोबास गराईने स्थान, परिवार संख्या र आवश्यक सामग्री र सोको लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी नगर विपद व्यवस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ र कार्यपालिकाले जिल्ला विपद व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन समिति संग समन्वय गरी नगरकार्यपालिका बैठकको निर्णयानुसार अन्य व्यवस्था गर्नुपर्नेछ।

(ख) दफा ५(क) पूर्ण वा आशिक रुपमा कार्य गर्नको लागि नगरकार्यपालिका वा नगर विपद् व्यवस्थापन समितिले वडा समितिलाई जिम्मेवारी तोक्न सक्नेछ। यसरी तोकीएको जिम्मेवारी पुरा गर्नु सम्बन्धित वडा समितिको कर्तव्य हुनेछ।

## परिच्छेद ४

## विविधः

**९. समन्वय गर्नुपर्नेः**

(१) विपद पिडितलाई पुनःस्थापना गर्न तथा पुन निर्माण कार्यका लागि घर, टहरा एवं अस्थायी आवास निर्माण तथा मर्मत संभारको लागि आवश्यक पर्ने काठ दाउरा उपलब्ध गराउन जिल्ला वन कार्यालय एवं वन उपभोक्ता समिति मार्फत उपलब्ध गराउनको लागि समन्वय गर्नुपर्नेछ।

(२) दातृ संघ संस्था वा निकाय,गैह सरकारी संघ संस्थाले राहत बितरण गर्दा राहत बितरणको योजना नगरपालिकामा पेश गर्नुपर्नेछ र एकद्वार प्रणालिद्वारा राहत वितरण गर्नुपर्नेछ।

**१०. विवरण पेश गर्नुपर्नेः**यस मापदण्ड बमोजिम राहत बितरण व्यवस्थापन समितिको निर्णयबाट बितरण भएको राहतको विवरण अनुसुचि २ बमोजिमको ढाँचामा चौमासिक वा बार्षिक रुपमा नगरकार्यपालिकाको बैठक मार्फत नरसभामा पेश गर्नुपर्नेछ।

**११.बाधा अड्काउ फुकाउने अधिकारः** यस मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आई परेमा नगरकार्यपिकाले त्यस्तो बाधा अड्काउ हटाउनेछ।

**१२. खारेजी वा बचाउः**

(१) राहत वितरण सम्बन्धी यस पूर्व नगरकार्यपालिकाले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भएको मानिने छ।

(२) यस मापदण्ड नेपालको संविधान र अन्य प्रचलित कानूनसंग बाझिएमा वा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

अनुसूचि १

दफा ४ संग सम्बन्धीत

**राहत माग गर्ने निवेदनको ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

शारदा नगरपालिका खलंगा, सल्यान।

विषयः राहत सहयोग सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा मिति ............ गतेका दिन शारदा नगरपालिका वडा नं....... को .........स्थानमा भएको .............बाट सिर्जित विपदको क्षतिबाट म/मेरो परिवार प्रभावित भएकोले राहत वितरण सम्बन्धी मापदण्ड २०८० बमोजिम राहत सहयोग पाउँ भनी देहाएको विवरण सहित यो निवेदन पेश गरेको छु/छौं।

(१) विपदको घटना भएको मिति...................................
(२) विपदको घटनाः......................................................
(३) घाईते वा मृतकको नामः..........................................
(४) घाईते वा मृतकको नागरिकता/राहदानी/राष्ट्रिय परिचय पत्र नः..........
(५) नागरिकता/परिचयपत्र जारी मिति..........
(६) बाबुको नाम थरः.......................................
(७) आमाको नाम थरः.....................................
(८) अनुमानित क्षतिको विवरण (परिमाण दर मुल्य सहित).....................
(९) मृतकको हकमा हकवालाको नागरिकता प्रमाणपत्र र नाता प्रमाणित पत्रको प्रतिलिपि(संलग्न गर्ने)
(१०) प्रहरी मुचुल्का
(११) घटना संग सम्बन्धीत तस्विर
(१२) राहत माग गरिएको विषयमा कुनै निकाय (संघ संस्था वा स्थानीय तह) बाट सोहि विषयमा राहत लिए लिएको खुलाउने।
(१३) अन्यः

अनुसूचि २

दफा १० संग सम्बन्धीत

## चौमासिक राहत वितरणको अभिलेख

मिति....................देखि मिति..............सम्मको विवरण

| क्र.स. | वडा नं र टोलको नाम | राहत लिने व्यक्तिको नाम थर | परिवार संख्या | प्रदान गरीएको राहत | | राहत प्रदान गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | नगद रकम | जिन्सि सामाग्री | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| जम्मा | | | | | | | |

………………

फोकल पर्सन

........................

प्रमुख प्रशासकीय अधिकृत